nystateofhealth™
The Official Health Plan Marketplace



एक झलकमा Medicaid

को योग्य छ?

कम आय भएका बासिन्दाहरू जो:

- गर्भवती महिला तथा शिशुहरू;
- 1 देखि 18 वर्ष उमेरका बालबालिकाहरू;
- आश्रित बालबालिकाहरूका अभिभावक तथा स्याहारकर्ता नातेदारहरू; वा
- 19 देखि 64 उमेर भएका वयस्कहरू, जो गर्भवती छैनन् तथा Medicare का लागि योग्य छैनन्।

NY State of Health ले प्रचलित संघीय नागरिक अधिकारका कानूनहरूको अनुपालना गर्छ र आफ्ना स्वास्थ्य कार्यक्रम तथा क्रियाकलापरूमा जाति, रङ, राष्ट्रिय मूल, लिङ्ग, उमेर, असक्षमताको आधारमा भेदभाव गर्दैन।

के-के कुराहरू समाविष्ट छन्?

- अस्पताल अन्तरंग तथा बहिरंग सेवाहरू
- क्लिनिक सेवाहरू
- Child/Teen Health Program अन्तर्गत 21 वर्ष मुनिका बालबालिकाहरूका लागि प्रारम्भिक परीक्षण, निदान तथा उपचार
- औषधि, सामग्रीहरू, चिकित्सा उपकरण तथा व्हीलचेयर जस्ता उपकरण आदि।
- प्रयोगशाला तथा एक्स-रे सेवाहरू।
- चिकित्सक तथा दन्त चिकित्सकहरूद्वारा गरिने रोकथाममुलक स्वास्थ्य र दन्त स्याहार तथा उपचार
- नर्सिङ होममा स्याहार
- गृह स्वास्थ्य निकायहरू तथा व्यक्तिगत स्याहार मार्फतको स्याहार
- सुस्त मनस्थितिका वा विकासात्मक रूपबाट असक्षम व्यक्तिहरूका लागि मनोरोग सम्बन्धी अस्पतालहरू (21 वर्ष भन्दा कम उमेर भएका वा 65 र सो भन्दा धेरै उमेर भएका), मानसिक स्वास्थ्य सुविधा तथा अन्य यस्तै सुविधाहरू
- परिवार नियोजन सेवाहरू
- चिकित्सा अपोइन्टमेन्टहरूमा जान सार्वजनिक यातायात तथा कार माइलेज सहितका यातायात
- अस्पतालमा आउनको लागि आकस्मिक एम्बुलेन्स यातायात
- गम तथा प्याचहरू जस्ता धुम्रपान रोक्ने उत्पादनहरू

उमेर, वित्तीय परिस्थितिहरू, पारिवारिक अवस्था वा जीवनयापन व्यवस्थाहरूका कारणले गर्दा केही सेवाहरूलाई समाविष्ट नगरिन सक्छ। केही सेवाहरूमा साना सह-भुक्तानीहरू हुनसक्छन्। तपाईं व्यवस्थित स्याहार योजनामा हुनुहुन्छ भने तपाईंसँग सह-भुक्तानी हुनेछैन।

हामीलाई सम्पर्क गर्नुहोस्:

nystateofhealth.ny.gov | 1-855-355-5777 वा TTY 1-800-662-1220

मेरा आम्दानी तथा संसाधनहरूले मलाई Medicaid का लागि योग्य बनाउँछन् भन्ने कुरा मैले कसरी थाहा पाउँछु?

तलको चित्रपटले तपाईंले वार्षिक रूपमा कति आम्दानी प्राप्त गर्न सक्नुहुन्छ र Medicaid लागि अझैपनि योग्य हुनु सक्नुहुन्छ भन्ने कुरा देखाउँछ।*
आम्दानीका स्तरहरू तपाईंसँग परिवारका कति सदस्य बस्नुहुन्छ भन्ने कुरामा निर्भर रहन्छन्।

2018 वार्षिक आम्दानी स्तरहरू				
घरपरिवारको आकार	अभिभावक/स्याहारकर्ताहरू *वा* बच्चा नभएका जोडीहरू *वा* 19 र 20 वर्ष उमेर भएका अभिभावकहरूसँग नबस्ने वयस्कहरू FPL को 138%	1 देखि 18 वर्ष उमेर भएका बालबालिका FPL को 154%	19 र 20 वर्ष उमेर भएका अभिभावकहरूसँग बस्ने वयस्कहरू FPL को 155%	गर्भवती महिला, 1 वर्ष मुनिका शिशुहरू *वा* परिवार नियोजन लाभहरूका लागि योग्य व्यक्तिहरू FPL को 223%
1	$16,754	$18,696	$18,817	$27,073
2	$22,715	$25,349	$25,513	$36,706
3	$28,677	$32,002	$32,209	$46,340
4	$34,638	$38,654	$38,905	$55,973
5	$40,600	$45,307	$45,601	$65,607
6	$46,562	$51,960	$45,601	$75,241
7	$52,523	$58,613	$58,993	$84,874
8	$58,485	$65,266	$65,689	$94,508
9	$64,446	$71,918	$72,385	$104,141
10	$70,408	$78,571	$79,081	$113,775
अतिरिक्त मानिस	$5,962	$6,653	$6,696	$9,634

*2018 संघीय गरिबी स्तर (FPL) को आधारमा। FPL परिवर्तनहरूमा आधारित आयका स्तरहरू प्रत्येक वर्ष समायोजन गर्न सकिन्छ।

Medicaid को लागत कति लाग्छ?

मासिक प्रिमियमहरू: Medicaid लागि कुनै मसिक प्रिमयम हुँदैन।

लागत साझेदारी: Medicaid अन्तर्गतका निश्चित सेवाहरूलाई सानो सह-भुक्तानीको आवश्यकता पर्छ तर कहिलेकाहीँ कुनै सह-भुक्तानीको आवश्यकता पर्दैन। तपाईंले Medicaid अन्तर्गतका सह-भुक्तानहरूमा एक वर्षमा खर्च गर्ने अधिकतम रकम $200 हुनेछ।

बारम्बार सोधिने प्रश्नहरूको सूची तथा Medicaid का बारेमा जवाफहरूका लागि यसमा जानुहोस्: **http://www.health.ny.gov/health_care/medicaid/**